# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना
## ( Disaster Preparedness and Response Plan)

बसबरिया गाँउपालिका
पालिकाको कार्यालय भवानिपुर, सर्लाही
मधेस प्रदेश, नेपाल

# स्थानिय विपद पूर्वतयारी तथा प्रतिकार्य योजना

## (Local Disaster Preparedness and Response Plan)

## बसबरिया गाँउपालिका,सर्लाही २०८२




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection System: MUTM, Spheroid - Everest 1830
MoFALD, 2074

बसबरिया गाँउपालिका
पालिकाको कार्यालय भवानिपुर, सर्लाही
मधेस प्रदेश, नेपाल

## विषयसुची

### परिच्छेद एक

**प्रारम्भिक**

१.१ पृष्ठभूमी
१.२ योजनाको उद्देश्य
१.३ योजना तर्जुमा प्रक्रिया
१.३.१ नगर विपद् व्यवस्थापन समिकिो बैठक
१.३.२ आधारभूत अध्ययन
१.३.३ विषयगत क्षेत्रको बैठक
१.३.४ छलफल बैठक
१.३.५ योजनाको मस्यौदा तयारी
१.३.६ योजनाको प्रस्तावित क्रियाकलापहरुको परिक्षण
१.३.७ पृष्ठपोषण संकलन र अन्तिम मस्यौदा तयारी
१.३.८ योजना कार्यान्वयन रणनीति

### परिच्छेद दुई

**विपद् जोखिम र व्यवस्थापन अवस्था**

२.१ पालिकाको संक्षिप्त परिचय
२.२ पालिकामा विद्यमान प्रमुख प्रकोपहरु
२.३ विपदको विपद् घटनाहरुको अवस्था विश्लेषण
२.३.१ ऐतिहासिक समयरेखा
२.३.२ विपद्को आवृत्ति र गम्भिरता
२.३.३ विपद्बाट भएको क्षतिको विवरण
२.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र
२.५ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण
२.६ पूर्व सुचना प्रणालीको अवस्था
२.७ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था
२.८ विषयगतक्षेत्र तथा कार्य जिम्मेवारी
२.८.१ समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्र
२.८.२ खाद्य तथा कृषि क्षेत्र
२.८.३ स्वास्थ्य तथा पोषण क्षेत्र
२.८.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र
२.८.५ आपत्कालिन आश्रय तथा गैर खाद्य सामाग्री क्षेत्र
२.८.६ संरक्षण तथा सुरक्षण क्षेत्र
२.८.७ आपत्कालिन शिक्षा
२.८.८ शीघ्र पूनर्लाभ क्षेत्र

### परिच्छेद तीन

**पूर्व तयारी तथा प्रतिकार्य योजना**

३.१ सामान्य पूर्वतयारी योजना

३.१.१ समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना

३.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना

३.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना

३.१.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना

३.१.५ आपत्कालिन आश्रय तथा गैर खाद्य सामाग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना

३.१.६ संरक्षण तथा सुरक्षण क्षेत्रको सामान्य पूर्वतयारी योजना

३.१.७ आपत्कालिन शिक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना

३.१.८ शीघ्र पूनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना

३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

३.२.१ समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

३.२.२ खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

३.२.३ स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

३.२.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

३.२.५ आपत्कालिन आश्रय तथा गैर खाद्य सामाग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

३.२.६ संरक्षण तथा सुरक्षण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

३.२.७ आपत्कालिन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

३.२.८ शीघ्र पूनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

३.३ आप्कालिन प्रतिकार्य (कार्यविधि) योजना

३.३.१ समग्र व्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना

३.३.२ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना

३.३.३ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना

३.३.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना

३.३.५ आपत्कालिन आश्रय तथा गैर खाद्य सामाग्री क्षेत्रको प्रतिकार्य योजना

३.३.६ संरक्षण तथा सुरक्षण क्षेत्रको प्रतिकार्य योजना

३.३.७ आपत्कालिन शिक्षा क्षेत्रको स प्रतिकार्य योजना

३.३.८ शीघ्र पूनर्लाभ क्षेत्रको प्रतिकार्य योजना

## परिच्छेद चार

बन्दोबस्ती सामाग्रीको उपलब्धता तथा आवश्यकताको विश्लेषण

४.१ स्रोत साधानको वर्तमान अवस्था

४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता

४.३ बन्दोबस्ती सामाग्रीको आंकलन
४.३.१ गैर खाद्य सामाग्री भण्डार स्थल
४.३.२ मानविय सहायता स्थल
४.४ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत

## परिच्छेद पाँच

विविध
५.१ स्रोत साधानको ब्यवस्थापन
५.२ अन्य निकायहरुसँगको समन्वय र सहकार्य
५.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई
५.३.१ लक्ष्य र सुचकहरु
५.३.२ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन
५.४ क्षमता विकास रणनीति र योजना
अनुसुचीहरु
१ नगर विपद् ब्यवस्थापन समितिको नामावली तथा बैठक विवरण
२. प्राविधिक कार्य समूहको नाममावली तथा कार्य विवरण
३. सरोकारवाला निकायहरुको तालिका
४. विषयक्षेत्रहरुको विवरण
५. विषयक्षेत्र सदस्य संस्थाहरुको विवरण
६. अगुवा सहयोगी संस्थाको विवरण
७. कार्यशाला गोष्ठीको विवरण
८. प्रतिकार्यको लागि उपलब्ध जनशक्ति तथा संस्थाहरुका विवरण
९. योजना अनुगमन, मूल्याङ्कन तथा सिकाई संक्षेपण प्रारुप
१०. सर्न्दभ सामाग्री

# परिच्छेद १

## १.१ प्रारम्भिक

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको मूलभूत उद्देश्य विपद्का कारणले हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य रूपमा घटाउने, कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना तथा स्वास्थ्य, संरक्षण र शिक्षा पूर्वाधार तथा सेवामा विपद्का कारणबाट हुने क्षति तथा नोक्सानी घटाउँदै तिनीहरूको उत्थानशीलता बढाएर विकासको दीगोपनालाई स्थायित्व दिनु र विकास तथा पूर्वाधार निर्माणमा गरिएको लगानीलाई सुरक्षित गर्नु हो । नेपाल सरकारको अधिकार बाँडफाट सम्बन्धी संवैधानिक व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४; विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ ले व्यस्वस्था गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी स्थानीय सरकारको अधिकार तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय नीति, २०७५; विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना, २०१८-२०३० को लक्ष्य र मार्गदर्शनले निर्देश गरे अनुसार बसबरिया गाउँपालिकाको विपद् प्रतिकार्यलाई चुस्त दुरुस्त एवम् प्रभावकारी बनाउन र त्यसको लागि आवश्यक पूर्वतयारी गर्न जरुरी छ । जलवायु परिवर्तन तथा अन्य विभिन्न कारणबाट विश्व तथा नेपालमा प्रकोप जोखिमको अवस्थामा वर्षेनी बृद्धि भैरहेको छ । बसबरिया गाउँपालिका पनि पछिल्लो समयमा यस प्रकारका विपद्हरुबाट प्रभावित हुँदै आइरहेको छ । पालिकामा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, विपद्को प्रतिकार्य र पुनर्लाभलाई गति दिन र यस कार्यमा सरोकारवालाहरु बीचको समन्वयलाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ को उपदफा (२) को खण्ड (न) र नेपाल सरकारबाट जारी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, अनुरूप यस पालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको छ । विपदको समयमा हुने प्रतिकार्यका गतिविधिहरुलाई प्रभावकारी रुपमा गर्न तथा विपद पूर्वतयारी तथा प्रतिकार्य मार्गदशनमा उल्लेख भए बमोजिमको ८ वटा विषयगत क्षेत्र विभाजन गरी विषयगत क्षेत्रको छुट्टै पूर्वतयारी तथा प्रतिकार्य योजना बनाइएको छ ।

## १.२ योजनाको उद्देश्य

पालिकामा विपद् व्यवस्थापनको पूर्वतयारी र यस सम्वन्धि प्रतिकार्यलाई प्रभावकारी बनाई सम्भावित जनधनको क्षति कम गर्नु यस योजनाको प्रमुख उद्देश्य रहेको छ । जस अन्तर्गत यस योजनाले

- क) विपद् प्रतिकार्यका लागि विषयक्षेत्रहरुको भूमिका तथा जिम्मेवारी निर्धारण गर्ने ।
- ख) विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी निकायहरुको पहिचान र अद्यावधिक गर्ने ।
- ग) विपद्को लेखाजोखा, जोखिम नक्शाङ्कन, विपद्को ऐतिहासिक तथ्याङ्क विश्लेषणका आधारमा जोखिम सुचित योजनाको निर्माण गर्ने ।
- घ) विपद् प्रतिकार्यका लागि सामान्य पूर्वतयारी,पूर्वानुमानमा आधारित पूर्व तयारी तथा आपत्कालिन प्रतिकार्यका क्रियाकलापहरु तयार गर्ने ।
- ङ) विपद् प्रतिकार्यका लागि उपलब्ध स्रोत, साधन र जनशक्तिको लेखाजोखा एवम् सम्भावित विपद्को सामना गर्न आवश्यक क्षमताको आंकलन, प्रक्षेपण र प्रवन्ध गर्ने

## १.३ योजना तर्जुमा प्रक्रिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ अनुसार यस बसबरिया गाँउपालिका स्थानिय विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयगतक्षेत्रको सहभागितामूलक प्रक्रिया अपनाई यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरिएको छ ।




### १.३.१ विपद् व्यवस्थापन समितिको बैठक

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारीका लागि मिति २०८२ फालगुन.३ गते पालिका विपद् व्यवस्थापन समितिको बैठकको आयोजना गरिएको थियो । बैठकले योजना तर्जुमा कार्य गर्नका लागी विगतका विपद्का घटना सम्वन्धि तथ्याङ्क, प्रकोप नक्सा, संकटासन्नता तथा जोखिम आंकलन, पूर्वानुमान र विपद् सम्वन्धी विद्यामान सन्दर्भ सामाग्रीको समिक्षा गर्न र योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग गर्नका लागि अनुभव प्राप्त विज्ञ समेत रहेको ७ जनाको प्राविधिक कार्यसमूह (Technical working Group) गठन गरेको छ ।

### १.३.२ आधारभूत अध्ययन

स्थानीय विपद् व्यवस्थापन समितिबाट स्थानिय विपद् व्यवस्थापन सम्वन्धि मौजुदा नीति, योजनाहरु, विपद्का घटना सम्वन्धि तथ्याङ्क र प्रकाशनहरु, प्रकोप नक्सा लगायत अन्य सान्दर्भिक सामाग्रीहरुको पुनरावलोकन र समिक्षा गरी विपद् जोखिम सम्वन्धि आधारभूत अध्ययन र विश्लेषण गरिएको छ । योजना तर्जुमाका क्रममा देहाय बमोजिमका तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखहरुको अध्ययन तथा विश्लेषण गरिएको छ ।

- ➢ विपद् व्यवस्थापन सम्वन्धी संघ, प्रदेश र स्थानीय तहका नीति, ऐन, नियम तथा निर्देशिका,
- ➢ विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति, २०७५ तथा प्रदेश र स्थानिय तहको रणनीतिक कार्ययोजना,

- विगत ३० वर्षको विपद्का घटना सम्वन्धि तथ्याङ्क र प्रकाशनहरु, प्रकोप नक्शा, संकटासन्नता तथा जोखिम आंकलन, पूर्वानुमान तथा दस्तावेज, प्रकाशन र अभिलेखहरु
- विषयगत आकस्मिक योजनाहरु
- विपद्सँग सम्वन्धित प्रतिवेदनहरु
- स्थानिय विपद्को इतिहास ,विपद् व्यवस्थापनको विगतको अभ्यास, अनुभव तथा सिकाई
- पालिकाको प्रकोप, संकटासन्नता तथा जोखिम र क्षमता लेखाजोखा

### १.३.३ विषयगतक्षेत्र (Cluster)

विषयगतक्षेत्र अन्तर्गत पर्ने सरोकारवाला निकायहरुको पहिचान, सामान्य पूर्वतयारी योजना, पूर्वानुमानमा आधारित पूर्वतयारी योजना, आपत्कालीन प्रतिकार्य योजनाका क्रियाकलापहरु, विषयगत क्षेत्रसँग सम्वन्धित स्रोतहरुको आंकलन, आवश्यकताको लेखाजोखा आदि विषयहरुमा छलफल गरी विषयगत क्षेत्रको योजना तयार गरिएको छ ।

### १.३.४ समनब्य बैठक तथा अभिमुखिकरण

विषयगत क्षेत्रहरुको निर्ष्कष तथा प्राप्त योजनाको प्रस्ताव उपर छलफल गर्न स्थानिय विपद् व्यवस्थापन समितिको नेतृत्वमा अभिमुखिकरण आयोजना गरिएको थियो । अभिमुखिकरण आयोजना गर्नु अघि स्थानिय विपद् व्यवस्थापन समितिको बैठक बसी विषयगत क्षेत्रबाट प्राप्त निष्कर्ष तथा योजनाको प्रस्तावमा पर्याप्त छलफल र आवश्यक परिमार्जन गरिएको थियो । अभिमुखिकरण विषयगत क्षेत्रहरुको बैठकबाट प्रस्तावित विवरण तथा योजनामा छलफल गरी सुझाव संकलन गरिएको थियो ।

मिति २०८२ फालगुन २ गते विपद जोखिम आँकलन तथा क्षमता विश्लेषण सम्बन्धि स्थानिय विपद् व्यवस्थापन समितिका सदस्यहरु, विषयगत क्षेत्रका सदस्य संघ संस्थाहरु , संकटासन्न समुदाय, युएनएफपिए प्रतिनिधि, लगायतका सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

मिति २०८२ फालगुन गते अन्तिम योजना तर्जुमा प्रक्रिया सम्पन्न गरिएको छ । सो कार्यशालामा पालिका स्तरीयका विपद् व्यवस्थापन समिति, गाँउ पालिका वर्डा अध्यक्ष हरु, विषयगत शाखा प्रमुखहरु, मानवीय सहायतामा संलग्न सुरक्षा निकाय,स्वाथ्य प्रमुख, आसमा नेपाल को सहभागिता तथा सहयोग रहेको थियो ।

### १.३.५ योजनाको तयारी

उपलब्ध नीति, कानून तथा दस्तावेजको अध्ययन तथा विश्लेषण, विषयगत क्षेत्रहरुको छलफल र द्धितिय स्रोतबाट संकलन गरिएका सूचनाहरु र कार्यशाला गोष्ठीबाट प्राप्त निर्ष्कष र सुझाव सामावेश गरी पालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ ।

### १.३.६ योजनामा प्रस्तावित क्रियाकलापको परिक्षण

यस योजनामा प्रस्ताव गरिएका मुख्य क्रियाकलापहरु उपयूक्त भए नभएको र त्यस्तो क्रियाकलाप कार्यान्वयन गर्ने क्षमता पालिकामा उपलब्ध भए नभएको सुनिश्चित गर्न सरोकारवालाहरुको सहभागितामा कृत्रिम घटना अभ्यास मार्फत परिक्षण गर्नुपर्ने भएकोले समय र स्रोतको अभावमा यस कार्यलाई पछि पालिकाको अगुवाईमा संचालन गर्ने र प्राप्त पृष्ठपोषणका आधारमा योजना अद्यावधिक गर्ने सहमतीमा योजनालाई अन्तिम रुप दिई पारित गरिएको छ ।

### १.३.७ पृष्ठपोषण संकलन र अन्तिम मस्यौदा तयारी

विभिन्न समयमा विभिन्न सरोकारवालाहरुको सहभागितामा संचालित कार्याशालाहरुबाट प्राप्त पृष्ठपोषणहरुको आधारमा तयार भएको विपद् पूर्वयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा सबै सरोकारवाला निकाय, संघसंस्था र विज्ञहरुको सुझाबलाई स्थानीय विपद् व्यवस्थापन समितिले पूनरावलोकन गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रुप दिइएको छ ।

### १.३.८ योजना कार्यान्वयन रणनितिहरु

- विपद पुर्वतयारी तथा प्रतिकार्य योजनालाई स्थानीय विपद व्यवस्थापन समिति मार्फत नगर परिषद्बाट अनुमोदन गरेर बैधानिकता प्राप्त गरी कार्यान्वयन गरिनेछ ।
- आपत्कालिन प्रतिकार्यको लागि गरिने पूर्वतयारी तथा प्रतिकार्यका गतिविधिहरु समन्वयात्मक रुपमा संचालन गरी उपलब्ध ज्ञान, सीप र क्षमताको अधिकतम् प्रयोगमा जोड दिइनेछ ।
- आपतकालिन अवस्थामा प्रतिकार्यका गतिबिधिहरुमा एकरुपता ल्याई दोहोरोपन नहुने गरी उपलब्ध श्रोत तथा साधनको सदुपयोग गरेर समन्वयात्मक तथा पारदर्शी तरिकाले समयमा नै विपद्मा परेका परिवारहरुलाई बिषयगत क्षेत्र अवधारणा (Cluster Approach) अनुसार एकद्धार प्रणाली मार्फत मानवीय सहयोग उपलब्ध गराइने छ ।
- योजना तयार भई कार्यान्वयनमा आएपछि स्थानीय विपद व्यवस्थापन समितिबाट कार्यान्वयनको प्रभावकारी अनुगमन सुपेरीवेक्षण तथा मूल्यांकनको व्यवस्था गरिने छ ।
- पालिकाको कुनै पनि क्षेत्रमा उत्पन्न विपद्का कारण संकटासन्नता, क्षमता र जोखिममा आउन सक्ने परिवर्तनलाई मध्यनजर गर्दै प्रत्येक वर्ष योजनाको पुनरावलोकन तथा समिक्षा गरी अध्यावधिक गरिने छ

## परिच्छेद दुई
## विपद् जोखिम र ब्यवस्थापनको अवस्था

### २ संक्षिप्त परिचय

नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा ९३० बमोजिम गठीत गाँउपालकिा , नगरपालिका, स्वायत संरक्षित वा विशेष क्षेत्रको नाम संख्या तथा सिमाना निर्धारण आयोगको सिफारीसमा बनेको ७५३ वटा स्थानिय तह हो । सर्लाही जिल्लाको २० वटा स्थानीय तहहरु मध्ये बसबरिया गाउँपालिका मधेश प्रदेशमा अवस्थीत पश्चिममा बागमती नदीसंग जोडिएको गाँउपालिका हो । दक्षिणको सिमावर्ती गाउँपालिका हो । यसको पूर्वमा चक्रघटा गाउपालिका , उतरमा बरहथवा नगरपाललिका, दक्षिणमा गोडैता नगरपालिका र धनकौल गाउपालिका र पश्चिममा रौतहट जिल्ला बागमति नदी संग सिमा छुटयाएको छ । पूर्व सिमामा लखनदेई खोला रहेको छ भनेर पश्चिममा एकारसीमा खोला र बागमति नदी रहेको छ। स्थानिय तह गठनकोक्रममा मधेश प्रदेश सलाही जिल्ला अन्तर्गतका साविक गाउ विकास समितिहरु मानपुर, भवानिपुर, धनगढा र सहोडवा मिसियर बसबरिया गाँउपालिका स्थापना भएको हो । कुल ६ वटा वडा रहेको यस गाँउपालिकाको १,२ र ६ नं.वर्डा बागमति नदी संग जोडिएको छ ।

दक्षिण भारतिय सिमा नाका नन्कार देखि शुरु भइ महेन्द्र राजमार्गको नयाँरोडमा जोडिने सडकखण्ड यसपालिकाको बिचबाट गएको छ भने मनुस्मारा खोलाले यस पालिका का वर्डा नं.१ र २ लाई बाँकी वर्डा हरु संग छुयाइको छ। बसबरिया गाउँपालिकालाई विकाशको गतिले भर्खर छुन थालेको छ। यहाँका अधिकाशं जनसंख्या कृषि तथा पशुपालन पेशामा आबद्ध रहेको पाईन्छ भने युवाहरु रोजगारका लागि विदेश पलायन भएको अवस्था छ। केही व्यक्तिहरुले स्थानिय घरेलु ब्यबसाय, माछापालन र होटल व्यवसायमा संलग्न रहनु बाहेक हालपनि परम्परागत खेती तथा पशुपालनमै बढी आबद्धता देखिन्छ।,

## २.१ जनसख्या विवरण

| वडा नं | पुरुष (जना) | महिला (जना) | कुल |
|---|---|---|---|
| १ | २१४९ | २१३८ | ४२८७ |
| २ | १९३२ | १९१६ | ३८४८ |
| ३ | २५१२ | २५०२ | ५०१४ |
| ४ | २१३३ | २१३० | ४२६३ |
| ५ | १९९१ | १९८७ | ३९७८ |
| ६ | २१५५ | २१०५ | ४२६० |
| **कुल** | **१२९७२जना** | **१२९६८जना** | **२५९४०जना** |

## २.२ पालिकाको कार्यालय देखि विभिन्न वडा कार्यालय सम्मको दूरी

| **पालिकाको कार्यालय देखि विभिन्न वडा कार्यालय सम्मको दूरी** | | |
|---|---|---|
| देखि | सम्म | दुरी |
| बसबरिया गाउपालिकाको कार्यालय | वडा नं. १ , वडा कार्यलय | ४ कि.मि |
| | वडा नं. २ वडा कार्यलय | ४ कि.मि |
| | वडा नं. ३ वडा कार्यलय | २५.मिटर |
| | वडा नं. ४ वडा कार्यलय | ४.कि.मि |
| | वडा नं. ५ वडा कार्यलय | ४ कि.मि |
| | वडा नं. ६ वडा कार्यलय | ६ मिटर |

## २.३ पालिकाको विद्यमान प्रमुख प्रकोपहरु

मुख्यतया बाढी, डुवान नदि कटान, असिना, महामारी, आगलागी, सुख्खा खडेरी, जनावर आक्रमण, चट्याङ, सडक दुर्घटना, हावाहुरी जस्ता प्रकोपले यस पालिका तथा समुदाय जोखिममा रहेका छन। यसका साथै बर्षातको मौसममा बाढी बाट समुदायलाइ निकै असर गर्ने गरेको छ। विगत वर्षहरुमा ठूला विपद्का घटना नघटेता पनि सचेतना अभाव, भौगोलिक, सामाजिक तथा आर्थिक अवस्था, क्षमताहरुको असमान वितरणका कारणले वडाहरु जोखिमको अवस्थामा छन्।

| प्रकोप | बाढि | आगलागी | महामारी | सर्पदंश | असिना | खडेरी | जनावर आंतक | चट्याङ | हावाहुरी | शितलहर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढि | ●●● | बाढि | बाढि | सर्पदंश | बाढि | बाढि | बाढि | बाढि | बाढि | शितलहर |
| आगलागी | ●●● | ●●● | आगलागी | आगलागी | आगलागी | आगलागी | जनावर आंतक | आगलागी | आगलागी | शितलहर |
| महामारी | ●●● | ●●● | ●●● | सर्पदंश | महामारी | खडेरी | जनावर आंतक | महामारी | हावाहुरी | शितलहर |
| सर्पदंश | ●●● | ●●● | ●●● | ●●● | सर्पदंश | खडेरी | जनावर आंतक | सर्पदंश | हावाहुरी | शितलहर |
| असिना | ●●● | ●●● | ●●● | ●●● | ●●● | खडेरी | जनावर आंतक | असिना | हावाहुरी | शितलहर |
| खडेरी | ●●● | ●●● | ●●● | ●●● | ●●● | ●●● | खडेरी | खडेरी | हावाहुरी | शितलहर |
| जनावर आंतक | ●●● | ●●● | ●●● | ●●● | ●●● | ●●● | ●●● | जनावर आंतक | जनावर आंतक | शितलहर |
| चट्याङ | ●●● | ●●● | ●●● | ●●● | ●●● | ●●● | ●●● | ●●● | हावाहुरी | शितलहर |
| हावाहुरी | ●●● | ●●● | ●●● | ●●● | ●●● | ●●● | ●●● | ●●● | ●●● | हावाहुरी |
| शितलहर | ●●● | ●●● | ●●● | ●●● | ●●● | ●●● | ●●● | ●●● | ●●● | ●●● |
| अंकभार | ७ | ६ | २ | ४ | ० | ५ | ६ | ० | ६ | ८ |
| स्तर | द्धितिय | तृतिय | आठौ | पाँचौ | सातौ | चौथो | तृतिय | सातौ | तृतिय | प्रथम |

## २.४ विगतका विपद्को अवस्था विश्लेषण

विपद्का घटनाहरुको ऐतिहासिक अवस्था विश्लेषणलाई हेर्ने हो भने विपद तथा अन्य कारणहरुबाट यस पालिका क्षेत्रमा मानविय, भौतिक र आर्थिक क्षति प्रशस्त भएको पाइन्छ। बाढि ले मानविय तथा खेतीयोग्य जमिनमा पारेको प्रभावका कारण मानविय क्षतीका साथै जिविकोपार्जनमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । त्यसैगरी हावाहुरी, कृषि बालीमा हुने रोग-कीरा, आगलागी, खडेरी, पशुरोग, असिनापानी, निलगाई, सुगर, आतङ्क, जस्ता प्रकोपहरूले पनि नोक्सान गरिरहेका छन्। खरका घरहरुका कारण आगलागीको निकै सम्भावना बोकेको यस पालिकामा पानीको सिंचाइ सुविधाको अभावमा बर्षात बाहेकको मौसममा खडेरीले समेत सताउने गरेको पाइन्छ। सरसफाई प्रतिको न्युन सचेतनाले सरुवा तथा महामारीजन्य रोगहरुको समेत निकै सम्भावना पाइन्छ। यसरी सम्भाव्य विपदलाई सामना गर्न नसक्नुमा समग्र समुदायको आर्थिक स्थिति कमजोर हुनु र सचेतना एवं पुर्वतयारीका कामहरु कम हुनु रहेको छ ।

### २.४.१ विपद्को ऐतिहासिक समय रेखा

यस पालिकामा (साविकको क्षेत्रको ऐतिहासिक अवस्था समेत) विगत तिस वर्ष यता विभिन्न समयमा घटेका प्राकृतिक, मानवजन्य र जलवायुजन्य विपद्का घटानहरुको अवस्था विश्लेषण र सोको प्रभाव अवस्था तपसिलमा चित्रण गरिएको छ ।

| विपद् | घटनाको वर्ष | प्रभावित स्थान तथा क्षेत्र | विषयक्षेत्रमा परेको प्रभाव | अन्य क्षति | विपद् व्यवस्थापनका लागि गरिएका प्रमुख प्रयासहरु |
|---|---|---|---|---|---|
| बाढि | २०५० | सबै वडा | अनुमानित ९०० विगहा धान वालि नष्ट ८० भन्दा बढी घर नष्ट, विद्याल्य भवन ,बाटो,कुलो, नहर,पोखरी आदि छति | पशु पंछी हरु बगेको तथा मरेको | WFP को खादान १ महीना , नेपाल रेडक्रस बाट राहत वितरण तथा पुन निमार्ण मा कार्य गरेको,लुथरोन संस्था बाट विद्याल्य भवन निमार्ण,ततकालिन सरकार तथा विभिन्न संघ संस्था बाट राहत सहयोग प्राप्त । |
| बाढि | २०७४ | सबै वडा | अनुमानित ८०० विगहा धान वालि नष्ट | | WFP बाट खाद्यान्न, नेपाल रेडक्रस बाट त्रिपाल वितरण कार्य गरेको |
| बाढी | २०७६ | सबै वडा | २०० विगहा भन्दा बढी धान तथा उखु बालि छति | | विभिन्न संस्था बाट खाद्यान्न, राहत वित्ररण कार्य गरेको |
| बाढी | २०८१ | सबै वडा | १०० विगहा भन्दा बढी पाकेको धान बाली नष्ट | | गा.पा बाट औष्धी उपचार भएकृो |
| बाढि | २०८२ | सबै वडा | अनुमानित ७०० विगहा धान वालि नष्ट | | गा.पा.बाट राहत द्यान्न, त्रिपाल वितरण कार्य गरेको |
| आगलागी | २०५६ | मानपुर | आगलगि हुदा ४ घर जलेर नष्ट भएको | | आगो नियन्त्रण मा लिनको लागि ७ जना प्रहरी ,समुदाय का ब्यक्ति हरुको सहयोग मा आगो निभाइएको थियो । पिडित परिवार हरु लाई समुदाय को ब्यक्ति हरु द्धारा सहयोग गरिएको थियो |
| भुकम्प | २०७२ | सबै वडा | समुदायमा मानसिक टेन्सन हुनुको साथै छिटपुट घर हरु भत्केको | | |
| खडेरी | २०७४।०७५ | सबै वडा | ६०० विगहा भन्दा बढी खेति सुखा | | कृषि कार्यकम बाट केही सिचाई प्रबंन्ध भएको |
| हूरी बतास | २०७५ | सबै वडा | धेरै बोट विरुवा नष्ट भएको | | |
| महामारी करोना भाइरस | २०७८।०७९ | सबै वडा | मानव जनजिवन मा प्रभाव पारेको | | गाउँ पालिका बाट प्रभाति ब्यक्ति लाइ राहत तथा औष्धी गराएको |
| पशु महामारी लमकि | २०८० | सबै वडा | १५ भन्दा बढी पशु हरु मरेको | ७५ भन्दा बढी पशु हरु विरामि भएको | गा.पा.पशुसेवा बाट औषधी उपचार भएको |
| शित लहर | प्रतेक बर्ष | सबै वडा | | | |

## २.४.२ विपद्को आवृत्ति र गम्भिरता

यस पालिकाका प्रमुख प्रकोपहरुमा बाढि, आगलागी, हाबाहुरी, निल गाई ,सुगर, आतंक, हावाहुरी र शितलहर तथा खडेरी वार्षिक रुपमा हुने गरेको छ । यसको प्रभाव मध्यम भएता पनि विपन्न वर्ग

तथा , कृषिमा निर्भर मानिसहरुलाई जिविकोपार्जनमा प्रत्यक्ष प्रभाव परिरहेकोले त्यस क्षेत्रको पूर्वतयारीमा ध्यान जान जरुरी देखिन्छ ।

| सि नं. | विपद् विवरण | आवृत्ति | गम्भिरता |
|---|---|---|---|
| १ | बाढि | वार्षिक | जटिल |
| २ | आगलागी | वार्षिक | जटिल |
| ३ | महामारी | १/२ वर्षको अन्तरालमा | मध्यम |
| ४ | सर्पदंश | वार्षिक | मध्यम |
| ४ | असिना | बर्षिक | मध्यम |
| ५ | खडेरी | वार्षिक | जटिल |
| ६ | निलगाई आतंक | वार्षिक | मध्यम |
| ७ | चट्याङ | वार्षिक | मध्यम |
| ८ | हावाहुरी | वार्षिक | जटिल |
| ९ | शितलहर | वार्षिक | जटिल |

### २.४.३ विपद्बाट भएको क्षतिको विवरण

बसबरिया गाउँपालिका विपद्का दृष्टिले अतिनै सम्वेदनशील रहेको छ । यस नगरपालिकमा मुख्यगरी बाढी, खडेरीको बढी जोखिम अवस्थामा रहेका छन् । असिनापानी, शितलहरब, हावाहुरीबाट, प्राय सबै वडाहरूमा असर पार्ने गछ्र । जंगली सुगुरको आतंक सबै वडाहरू मा देखिन्छ । बर्षा, सर्पदंश लगायतका प्रकोपले बर्षेनी दुख दिने गरेको छ । बागमति नदीको बाढीले मानव बस्तीमा बाढी पसी घरका सामग्रीहरु तथा कृषि खेतिपाति नोकसान हुन्छ ।

विश्वव्यापी महामारीरुको कोभिड १९ महामारीले यस गाउँपालिकामा समाजिक मानवीय तथा आर्थिक जनजिन पूर्ण रुपमा प्रभावित गरेको थियो । कोभिडले ब्यत्ति सक्रमण भएकोमा गा.पा.को आफ्नै स्रोतबाट स्थापित आइसोलेसन सेन्टर तथा PCR परिक्षण केन्द्रमा स्वास्थ्यकर्मी र स्वंयम सेवकहरुलाई तत्कालिन परिचालन गरी विरामीहरुको पहिचान तथा रेखदेखका कारण नगरपालिकामा कूनै मृत्युको घटना भएको छैन । सक्रमणका कारण धेरैको रोजगारी गुम्नु, लामो समयसम्म सक्रमणका कारण घरबाहिर काम तथा हिड्डुलमा समस्या उत्पन्न हुनु शैक्षिक तथा ब्यापार ब्यवसायहरु ठप्प हुनुका कारण समुदायमा आर्थिक तथा सामाजिक रुपमा ब्यापक असर गरेको छ ।

विगद ३० वर्ष अवधिमा घटेका विपद्का घटनाहरुमा बाढी बाट सबैभन्दा धेरै क्षति भएको देखिन्छ बि.स.२०५० सालको बाढी मा ८० भन्दा बढि घरहरु पूर्ण क्षती, ९०० बिगाहा भन्दा बढी खेतीयोग्य जमिनमा प्रभाव, सिंचाई नहर कूलो तथा अन्य भौतिक संरचनाहरुमा प्रभाव गर्दा करीब २० करोड भन्दा बढीको क्षती भएको देखिन्छ । विगत वर्षको विपद् विवरण विश्लेषण गर्दा बाढी, सितलहर, अत्याधिक गर्मी का कारण लुलागनु तथा अन्य स्वास्थ्य समस्या भएको देखिन्छ । यस्तै असिना, हावाहुरी, चट्याङ, खडेरी, आगलागी, जंगली जनावरको आक्रमणबाट मानविय, आर्थिक तथा भौतिक क्षति भएको छ । यो गाउँपालिका विभिन्न गा.वि.स.मिलि बनेको ले क्षतिको एतिहासिक विवरण अप्रयाप्त भएको ।

### २.५ सम्भाव्य प्रकोप क्षेत्र तथा सम्भावित प्रभाव क्षेत्र

बसबरिया गाउपालिकाको ६ वटा वर्डाका वस्तीहरु कृषि क्षेत्र बाढी तथा खडेरीको बढी जोखिम अवस्थामा रहेका छन् । सबै वर्डाहरू र जनसंख्या प्रभावित हुनेछन् । पालिकाको विपद् जोखिमलाई विश्लेषण गर्दा पालिकाको संकटासन्नतालाई स्तरीकरण गरेर हेरिएको छ उक्त संकटासन्नता विश्लेषणको आधारमा २ वडा उच्च जोखिममा रहेका छन् भने १,३,४,५ र ६ वडाहरु मध्यम जोखिममा रहेका छन् ।

## २.६ प्रकोपहरुको सम्भाब्य जोखिम विश्लेषण

विगत वर्षमा विपद्बाट भएको जनधनको क्षति, बालिनाली तथा घरसम्पत्ति तथा भौतिक संरचनाको विनास, पशु चौपायाको क्षति, विपद्बाट प्रभावित क्षेत्र तथा जनसंख्या, उपलब्ध श्रोतसाधन र क्षमताको विश्लेषण गर्ने उद्धेश्यले बिभिन्न समयमा गरिएको संकटासन्नता तथा क्षमता विश्लेषण प्रतिबेदनबाट निम्नानुसारको जोखिम विश्लेषण गरिएको छ :

- विभिन्न प्रकोपका कारण यस पालिकाको उच्च संकटासन्नता घरपरिवारहरु प्रत्यक्ष रुपमा प्रभावित हुन सक्ने अनुमान गरिएको छ ।
- विपद्को समयमा सार्वजनीक पुर्वाधारहरुको क्षति हुनाले आवागमन अवरुद्ध भएको अवस्था हुनेछ ।
- सुचना प्रसारण प्रविधिहरु पनि सो समयमा अवरुद्ध हुनेछन् । सुचना संकलनमा कठिनाई हुनेछ जसले गर्दा प्रभावितहरुको प्रारम्भिक बिवरण प्राप्त गर्न समेत अप्ठ्यारो पर्नेछ ।
- राहत उद्धार कार्यमा एक रुपता ल्याउन निकै समस्या हुनेछ । उद्धार तथा प्रतिकार्यमा ढिलाइ हुनेछ । सेवा तथा श्रोतमाथि अधिकाशं प्रभावितहरुको पहुँच नभएको अवस्था हुनेछ ।
- स्वाथ्यकर्मी र स्वयंसेवक परिचालन गर्न समस्या हुनेछ र स्थानीय स्तरमा औषधीहरुको पर्याप्त उपलब्धता नरहने अवस्था हुनेछ ।
- विपद्बाट बिभिन्न सरुवा रोगहरुको संक्रमण फैलिन सक्छ ।
- बिपदका कारण प्रजनन स्वास्थ्य सेवा लगायतका स्वास्थ्य सेवाहरु अवरुद्ध भईसुत्केरी र प्रसुती सम्बन्धि समस्या हुनुका साथै रुग्णता तथा मातृ मृत्यु दरमा बृद्धि हुनसक्छ ।
- बिपदका कारण शान्ती सुरक्षा र संरक्षण संयन्त्र कमजोर भई लैंगिक हिंसा,बालविवाह मा बृद्धि हुने र महिला, वालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र लैंगिक अल्पसंख्यकहरु थप जोखिममा पर्न सक्नछन ।
- विपद्बाट जनधनको क्षति सहन गर्न नसकी प्रभावितहरुमा मानसिक समस्या देखिन सक्छ ।
- स्थानीय सार्वजनीक भवनहरु तथा सेवा प्रदायक निकायहरु प्रभावित हुने छन् ।
- पूर्वचेतावनी प्रणालीको आधुनिक सामाग्रीको उपलब्धता नहुनाले समयमै पुर्व सुचना दिन नसकिने अवस्थाको सृजना हुनेछ ।
- आवश्यक मात्रामा खाद्य तथा गैर खाद्य सामाग्रीहरुको भण्डारण नहुने हुँदा ती सामाग्रीहरुको चरम अभाव रहनेछ ।
- विभिन्न प्रकोपहरुका कारण खेतीयोग्य जमीन, अन्नबालीहरुको क्षति तथा ठूलो मात्रामा पशुचौपाया प्रभावित हुन सक्ने पूर्वानुमान गरिएको छ ।
- प्रभावित परिवारका लागि स्वच्छ पिउने पानी उपलब्ध हुन नसक्ने अनुमान गरिएकोछ ।

## २.७ सकटासन्नता विश्लेषण

| वडा नं | बाढि | आगलागी | महामारी | सर्पदंश | असिना | खडेरी | जनावर आक्रमण | चटयाग | हावाहुरी | शितलहर | संकटासन्नता स्तरीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १० | ५ | ५ | ४ | ५ | ९ | ५ | ३ | १२ | १३ | मध्यम |
| २ | १२ | ५ | ५ | ४ | ५ | ९ | ५ | ३ | १२ | १३ | उच्च |
| ३ | १० | ५ | ५ | ४ | ५ | ९ | ५ | ३ | १२ | १३ | मध्यम |
| ४ | १० | ५ | ५ | ४ | ५ | ९ | ५ | ३ | १२ | १३ | मध्यम |
| ५ | १० | ५ | ५ | ४ | ५ | ९ | ५ | ३ | १२ | १३ | मध्यम |
| ६ | १० | ५ | ५ | ४ | ५ | ९ | ५ | ३ | १२ | १३ | मध्यम |

**संकटासन्नता विश्लेषण** : १ देखि ५ अंक सम्म न्युन संकटासन्नता, ५ देखि १० अंक सम्म मध्यम संकटासन्नता र १० देखि १५ अंक सम्म उच्च संकटासन्नता अंकभारका आधारमा विश्लेषण गरिएकोछ

## २.८ मौसमी पात्रो

| प्रकोप | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढि | पहिले ( ३० बर्ष) | | | √ | √ | √ | | | | | | | |
| | अहिले | | | √ | √ | √ | √ | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | √ | √ | √ | √ |
| | अहिले | √ | √ | | | | | | | √ | √ | √ | √ |
| महामारी | पहिले | √ | √ | | | | | | | | | | √ |
| | अहिले | √ | √ | | | √ | √ | √ | √ | | | √ | √ |
| हावाहुरी | पहिले | √ | √ | √ | | | | | | | | | √ |
| | अहिले | √ | √ | √ | √ | √ | | | | | | √ | √ |
| खडेरी | पहिले | | | √ | √ | √ | √ | | | | | | |
| | अहिले | | | √ | √ | √ | | | | | | | √ |
| शितलहर | पहिले | | | | | | | | | √ | √ | √ | |
| | अहिले | | | | | | | | | √ | √ | | |
| असिना | पहिले | | √ | √ | √ | | | | | | | | √ |
| | अहिले | √ | √ | √ | √ | √ | | | | | | | √ |

## २.९ बाली बनस्पती पात्रो

| विवरण | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धानको वीउ लगाउने | पहिले (३० बर्ष) | | | √ | | | | | | | | | |
| | अहिले | | √ | √ | √ | | | | | | | | |
| धान रोप्ने | पहिले | | | √ | | | | | | | | | √ |
| | अहिले | | √ | √ | √ | √ | | | | | | | |
| धान काट्ने | पहिले | | | | | √ | √ | √ | √ | | | | |
| | अहिले | | | | | | √ | √ | √ | | | | |
| विरुवाको (आप पाक्ने) | पहिले | | | √ | | | | | | | | | |
| | अहिले | √ | √ | | | | | | | | | | |
| गहुँ छर्ने | पहिले | | | | | | | | | √ | | | |
| | अहिले | | | | | | | | | √ | | | |
| गहुँ काट्ने | पहिले | | | | | | | | | | | | √ |
| | अहिले | | | | | | | | | | | √ | √ |

## २.१० पूर्वसुचना प्रणालीको अवस्था

यस पालिकामा हालसम्म कुनैपनि प्रकोपको पूर्वसुचना प्रणाली स्थापना गरिएको छैन भने । जिल्ला, प्रदेश तथा राष्ट्रिय आपत्कालिन कार्यसंचालन केन्दसँग सर्म्पक स्थापित गरी सुचना आदान प्रदनाको अभ्यास रहेको छैन ।

## २.११ नीतिगत, कानूनी तथा संस्थागत ब्यवस्था

यस पालिकामा विपद् ब्यवस्थापन ऐन २०७४ अनुसार स्थानिय विपद् ब्यवस्थापन समिति गठन भई सक्रिय रहेको अवस्था छ भने हालै मात्र स्थानिय विपद् ब्यवस्थापन समिति अन्तर्गत ६ वडा विषयगत क्षेत्र हेर्न अगुवा निकाय तोकी सम्वन्धित विषयगत क्षेत्रको योजना तर्जुमा र समन्वयको जिम्मेवारी तोकिएको छ ।

पालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) का आधारमा नगर विपद् व्यवस्थापन समिति गठन गरिएको छ । समितिमा हाल रहेका पदाधिकारीहरूको विवरण अनुसूची १ मा संलग्न गरिएको छ ।

पालिकामा वातावरण तथा विपद् व्यवस्थापन शाखा स्थापना गरिएको छ ।

## २.१२ विषयक्षेत्र तथा कार्य जिम्मेवारी

यस पालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि देहाय अनुसारको ६ वडा विषयगत क्षेत्र निर्धारण गरी देहाय बमोजिम कार्य जिम्मेवारी प्रदान गरेको छ ।

### २.१२.१ सुचना, समन्वय खोजउद्धार तथा समग्र व्यवस्थापन बिषयगत क्षेत्र

यस विषयगत क्षेत्रले विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरुसँग समन्वय गर्ने, विपद्को अवस्था आउनसक्ने पूर्वसुचना प्राप्त भएपछि स्थानिय संञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपको कारण समस्यामा परिरहेका वा घाइतेलाई उद्धार गर्ने, हराएकाहरुको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रवन्ध मिलाउने, पीडितहरुलाई राहत वितरण गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ ।

### २.१२.२ खाद्य तथा कृषि बिषयगत क्षेत्र

यस विषयगत क्षेत्रले विपद्को अवस्थामा पीडितहरुलाई तत्काल खानेकुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामाग्री उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने जिम्मेवारी निर्वाह गर्नेछ ।

### २.१२.३ स्वास्थ्य तथा पोषण बिषयगत क्षेत्र

यस विषयगत क्षेत्रले विपद्मा घाइते भएकाहरुको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरु अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका विरामी वा घाइतेहरुलाई अस्पतालसम्म पुऱ्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, महिला तथा बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समस्याबारे पिडीत र सरोकारवालालाई सचेत गर्ने, न्युनतम प्रजन्न स्वास्थ्य सेवा (Minimum Initial Service Package-MISP) सुनिश्चित गर्ने, जटिल किसिमका सुत्केरी महिला र लैगिक हिंसाको स्वास्थ्य प्रतिकार्यका लागि प्रभावकारी प्रेषण प्रणाली स्थापित गर्ने, सफा सुत्केरीसामाग्री, महिनावारी स्वास्थ्य सामग्री जस्ता आवश्यक सामाग्रीको व्यवस्थापन तथा आवश्यकता अनुसार वितरण गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ ।

### २.१२.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन बिषयगत क्षेत्र

यस विषयगत क्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति गर्ने, विपद्का कारण ढलेका बोटविरुवाहरु हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहरहरु सरसफाई गर्ने, मरेका पशुपक्षीहरुको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्वन्धि सरसामानाहरु (हाइजिन किट, पियुष, क्लोरिन, डस्टविन, साबुन आदि) उपलब्ध गराउने जिम्मेवारी निर्वाह गर्नेछ ।

### २.१२.५ आपत्कालिन आश्रय तथा गैह्खाद्य सामाग्री बिषयगत क्षेत्र

यस विषयगत क्षेत्रले विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थामा रहेका पीडितहरुलाई आपत्कालिन आश्रय वा वासको लागि अस्थायी संरचना निर्माण गर्ने, प्रभावितहरुलाई त्रिपाल, लत्ताकपडा, भाँडाकुँडा जस्ता गैह्खाद्य सामाग्री व्यवस्थापन तथा वितरणको जिम्मेवारी निर्वाह गर्नेछ

### २.१२.६ संरक्षण तथा सूरक्षा बिषयगतक्षेत्र

यस विषयगत क्षेत्रले विपद्को समयमा महिला, गर्भवती, सुत्केरी, अपाङ्गता भएका ब्यक्तिहरु, शिशु, वालवालिका, वृद्धवृद्धाहरु, लैंगिक अल्पसंख्यकलाई संरक्षण गर्ने, उनीहरुको आवश्यकता बमोजिमका सरसामानहरु जस्तै डिगनिटी किट, किशोरी किट,सेनीटरी प्याडआदि उपलब्ध गराउने, घरपरिवारका सदस्य गुमाएकाहरु तथा विपद्का कारण त्रसित ब्यक्तिहरुलाई मनोसामाजिक परार्मश सेवा दिन, लैंगिक हिंसा रोकथाम र सो का लागि बहुक्षेत्रगत सेवा सुनिश्चित गर्ने, बिछोडिएका वालवालिकाहरुको संरक्षण, आवश्यकतानुसार वाल मैत्री र महिला मैत्री स्थल स्थापना गरी सेवा प्रदान गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ ।

### २.१२.७ शिक्षा बिषयगत क्षेत्र

यस विषयगत क्षेत्रले विपद्को कारण विद्यालय तीन दिनभन्दा बढी बन्द भएमा विद्यार्थीहरुलाई आपत्कालिन शिक्षाको ब्यवस्था गर्ने, विपद्का कारण विद्यार्थीहरुको पठनपाठनका शैक्षिक सामाग्री हराए वा नासिएमा सोको ब्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्रीहरु नष्ट भएमा पुनः ब्यवस्था गर्ने जिम्मेवारी निर्वाह गर्नेछ ।

### २.१२.८ शीघ्र पूनर्लाभ बिषयग क्षेत्र

यस विषयगत क्षेत्रले विपद्को कारण अवरुद्ध हुन पुगेका अत्यावश्यक सेवाहरु जस्तै : विद्युत, खानेपानी, टेलिफोन तत्काल सुचारु गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरुमा क्षति पुगेमा बैकल्पिक ब्यवस्था गर्ने, सामाजिक आर्थिक पूवाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने, बिभिन्न बिषगत क्षेत्रहरु संग समन्वय गरी सम्बन्धि कियकलापहरु पुनर्लाभसंग जोडने जिम्मेवारी निर्वाह गर्नेछ ।

## परिच्छेद तीन
## पूर्वतयारी तथा प्रतिकार्य योजना

### ३.१ सामान्य पूर्वतयारी योजना

विपद्को समयमा प्रतिकार्य गतिविधिहरु समयमा नै कार्यान्वयन गर्न संस्थागत क्षमता लेखाजोखा गरी सो को तयारी आवधिक रुपमा अद्यावधिक गर्न जरुरी हुन्छ । सामान्य पूर्वतयारी सम्वन्धि कार्यहरुमा विपद्का घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनिकरण, पूर्वतयारी र विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन र औजार, सीप विकास जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता क्रियाकलापहरु समावेश गरिएका छन् । यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्नु पनि विपद् पूर्वतयारी कार्य नै हो । विपद् प्रतिकार्यका कार्यहरुलाई प्रभावकारी बनाउन विषयगत क्षेत्ररुपमा सामान्य पूर्वतयारीको कार्ययोजना देहाय बमोजिम हुने गरी तर्जुमा गरिएको छ ।

### ३.१.१ सुचना,समन्वय खोजउद्धार तथा समग्र ब्यवस्थापन क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने समग्र ब्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्रको साझा पूर्वतयारी सम्वन्धि कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ ।

| सि.नं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय / संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने | प्रत्येक वर्ष | पलिका | १ पटक | स्थानिय विपद् व्यवस्थापन समिति |
| २ | विपद् क्षति, मूल्याङ्कनकृ लागि सर्वेक्षण टोली गठन र पूनर्गठन गर्ने र आवश्यकता अनुसार सर्वेक्षणका लागि सहयोगी टोलीहरु गठन गर्ने तथा तालिमको आयोजना गर्ने | प्रत्येक वर्ष मनसुन पूर्व | पालिका र सबै वडाहरु | १/१ | स्थानिय विपद् व्यवस्थापन समिति र वडा<br>विपद् व्यवस्थापन समिति |
| ३ | प्रारम्भिक द्रुत लेखाजोखा, क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फारमको तयारी गर्ने | प्रत्येक वर्ष कार्तिक सम्म | पलिका | १०० प्रति | वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ४ | राहत वितरणका लागि सिफारीश फारम लगायतका कागजात तयारी तथा अद्यावधिक | प्रत्येक वर्ष मंसिर सम्म | पलिका | १००० प्रति | वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ५ | प्रकोपको प्रकृति अनुसार खोज तथा उद्धारका लागि टोली गठन | प्रत्येक वर्ष माघ महिना | वडा तहमा | प्रत्येक वडामा १ समूह | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, विषय क्षेत्र |
| ६ | खोज तथा उद्धारका लागि गठित टोलीको निमित्त तालिम | प्रत्येक वर्ष माघ महिना | वडा तहमा | प्रत्येक वडामा १ समूह | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सुरक्ष निकाय, रेडक्रस, विषय क्षेत्र |
| ७ | खोज तथा उद्धार सामाग्रीहरु खरिद, भण्डारण, मर्मत र व्यवस्थापन | निरन्तर | वडा तहमा | हरेक वडामा १ सेट | स्थानिय विपद् व्यवस्थापन समिति, विपद् व्यवस्थापन शाखा |
| ८ | खोज तथा उद्धार, प्रेषण प्रणालीका लागि प्रयोग गर्न सकिने सवारी | निरन्तर | पलिका | ..... एम्बुलेन्स | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्वास्थ्य शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | साधानहरु र एम्बुलेन्सहरुको सुची र सर्म्पक ब्यक्तिको विवरण तयार गर्ने | | | | |
| ९ | सुरक्षित स्थानको पहिचान र अद्यावधिक | निरन्तर | वडा अनुसार | आवश्यकता अनुसार | वातावरण तथा विपद् ब्यवस्थापन शाखा |
| १० | आपत्कालिन अवस्थामा प्रयोग गर्न आश्रय स्थलको पहिचान र निमार्ण | आवश्यकता अनुसार | वडा अनुसार | ….. वडा | पूर्वाधार विकास शाखा, सम्वन्धि वडा |
| ११ | विभिन्न प्रकोपहरु जस्तै बाढी आगलागी, महामारी, हावाहुरी चट्याङ सम्वन्धि सचेतनामूलक गतिविधिहरु संचालन | निरन्तर | पालिका तथा सबै वडाहरु | समयानुसार वार्षिक रुपमा ( सम्वन्धित प्रकोपको सक्रियता समयमा) | वातावरण तथा विपद् ब्यवस्थापन शाखा, वडा कार्यालय |
| १२ | विभिन्न प्रकोपहरुको पूर्व सुचना प्रणालीको विकास | निरन्तर | आवश्यकता अनुसार | सबै वडाहरु | वातावरण तथा विपद् ब्यवस्थापन शाखा, वडा कार्यालय, विषय क्षेत्र |
| १३ | प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास | सम्भावित विपद् अगावै | पालिका र वडा तहमा | वर्षमा १ पटक | स्थानिय विपद् ब्यवस्थापन समिति |

### ३.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकारका प्रकोपहरुको लागि गर्नुपर्ने खाद्य तथा कृषि विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धि कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ ।

| **सि.नं.** | **सामान्य पूर्वतयारीका कार्यहरु** | **समय** | **स्थान** | **परिमाण** | **मुख्य जिम्मेवार निकाय / संस्था** |
|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाब्य उद्योगहरु तथा सप्लार्यस पहिचान गर्ने, साथै सहयोग लिन सकिने | निरन्तर | पालिका | आवश्यकता अनुसार वर्षमा १ पटक | कृषि शाखा, विषयक्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यालय, संस्थाहरुसँग समन्वय गर्ने | | | | |
| २ | विपद्बाट प्रभावित हुनसक्ने जनसंख्याको आधारमा आवश्यक तथा उपलब्ध खाद्य सामाग्रीहरु भण्डार गर्ने | प्रकोपको सम्भावित समय अगावै | पालिका | वर्षको २ पटक | कृषि शाखा |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरु पहिचान गर्ने वा करार गर्ने | प्रकोपको सम्भावित समय अगावै | पालिका | कम्तिमा २ वटा ठुला पसल वा उद्योग | कृषि शाखा, वडा कार्यालय |
| ४ | विपद्को समयमा खाद्य सामाग्री वितरण गर्ने प्रक्रियाका बारेमा विषयक्षेत्रका सदस्यहरु विच छलफल तथा कृत्रिम घटना अभ्यास | प्रकोपको सम्भावित समय अगावै | वडा स्तरमा | वार्षिक १ पटक | कृषि शाखा, विषय क्षेत्र |
| ५ | सामुदायिक प्रभाव अनुसार वितरण गर्नुपर्ने कृषीजन्य सामाग्रीहरुको तयारी गर्ने | प्रकोपको सम्भावित समय अगावै | वडा स्तरमा | वार्षिक १ पटक | कृषि शाखा, विषय क्षेत्र |

### ३.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकारका प्रकोपहरुको लागि गर्नुपर्ने स्वास्थ्य तथा पोषण विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धि कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ ।

| सि.नं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय / संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पश्चात तत्काल देखा पर्न सक्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधीहरुको भण्डारण | निरन्तर औषधिको गुण अनुसार | पालिका | ६०० जनाको लागि | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| २ | द्रुत प्रतिकार्य टोली गठन गर्ने, क्षमता विकास र कार्यसुची तयार गर्ने | स्वास्थ्य क्षेत्रको प्रटोकल अनुसार | पालिका | १ पटक | स्वास्थ्य शाखा, विषय क्षेत्र |
| ३ | प्रतिकार्यका लागि आवश्यक दक्ष मानव | जनसंख्या अनुसार | पालिका | पालिका १ र वडास्तरमा १/१ | स्वास्थ्य शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | संशाधनको सुची तयार र अद्यावधिक गर्ने | | | | |
| ४ | स्वास्थ्य, प्रजन्न स्वास्थ्य सेवा र लैंगिक हिंसाको स्वास्थ्य प्रतिकार्यका लागि सेवा प्रदायकहरुको क्षमता आभिबृद्धि गर्ने | निरन्तर | पालिका | प्रत्येक स्वास्थ्य संस्थाबाट प्रतिनिधित्व हुने गरी | वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्वास्थ्य शाखा |
| ५ | स्वास्थ्य सम्वन्धि शिक्षण सामाग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने | नियमित | वडास्तर | हरेक वडामा | स्वास्थ्य शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| ६ | स्वास्थ्य तथा प्रजनन स्वास्थ्य सेवा का लागि आवश्यक औषधीहरु, सफा सुत्केरी सामग्री, महिनाबारी स्वास्थ्य सामग्री हरुको व्यवस्थापन र वितरण | नियमित | वडास्तर | हरेक वडामा औषधीहरु आवश्यकतानुसार र अन्य किटहरु ५० सेटका दरले | स्वास्थ्य शाखा, वडा कार्यालय, विषयगत क्षेत्र |

### ३.१.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नुपर्ने खानेपानी, सरसफाई र स्वच्छता विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धि कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ ।

| सि.नं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय / संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को समयमा खानेपानी शुद्धिकरणको लागि आवश्यक पर्ने औषधीहरुको उचित भण्डार गर्ने | प्रकोप सम्भावित समय अगावै | पालिका | वार्षिक १ पटक | खानेपानी तथा सरसफाई शाखा, विषय क्षेत्र |
| २ | सरसफाईका लागि आवश्यक पर्ने सामाग्री तथा उपकरणहरु उपयूक्त स्थानमा भणडरण गर्ने | प्रकोप सम्भावित समय अगावै | पालिका | वार्षिक १ पटक | खानेपानी तथा सरसफाई शाखा, विषय क्षेत्र |
| ३ | खानेपानी ओसार्न, जम्मा गर्न र वितरण गर्ने साधानहरु मर्मत | प्रकोप सम्भावित समय अगावै | पालिका | वार्षिक १ पटक | खानेपानी तथा सरसफाई शाखा, विषय क्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | सम्भार गरी चालु अवस्थामा राख्ने | | | | |
| ४ | आपत्कालिन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको स्रोतहरु पहिचान र संरक्षण गर्ने | निरन्तर | वडा तथा समुदायस्तरमा | वार्षिक १ पटक | खानेपानी तथा सरसफाई शाखा, पूर्वधार विकास शाखा, वडा कार्यालय तथा स्थानिय समुदाय, |

### ३.१.५ आपत्कालिन आश्रय र गैह्खाद्य सामाग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नु पर्ने आपत्कालिन आश्रयस्थल र गैह्खाद्य सामाग्री विषयाक्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धि कार्यहरुको योजना निम्नानुसार गरिएको छ ।

| सि.नं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय / संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् प्रभावितहरुको लागि अस्थायी आश्रय वा वासको व्यवस्था गर्न आवश्यक सरसमान तथा औजारहरुको बन्दोबस्ती गर्ने | प्रकोप सम्भावित समय अगावै | सबै वडा | कम्तीमा ३० प्रतिशत जनसंख्यालाई पुग्ने | शहरी विकास तथा भवन निर्माण कार्यालयको सहयोगमा पूर्वाधार विकास शाखा, नेपाल रेडक्रस सोसाइटी |
| २ | सम्भावित आपत्कालिन अवस्था आईपरेमा तुरुन्त खरिद गर्न सकिने गरी करार गर्ने | आवश्यकता अनुसार | थोक तथा खुद्रा विक्रेता | १००० परिवारका लागि | पालिका, कृषि शाखा, नेपाल रेडक्रस सोसाइटी |
| ३ | अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्थापन र संरक्षण | निरन्तर | सबै वडामा | कुल जनसंख्याको २० प्रतिशत जनसंख्यालाई पुग्ने गरी | पूर्वाधार विकास शाखा र वडा कार्यालय |
| ४ | गैह्खाद्य सामाग्री सेटहरु भण्डारण गर्ने | निरन्तर | पालिका | १०० परिवार | पालिका, वडा कार्यालय, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| ५ | विपद् प्रभावित स्थान वा खुला क्षेत्रमा शिविर संचालन गर्ने स्थानमा सवारी साधनको प्रवन्ध गर्ने | आवश्यकता अनुसार | पालिका | आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषय क्षेत्र |
| ६ | अस्थायी आश्रय वा वास निर्माणको लागि टोली गठन | मनसुन शुरुहुनु | वडास्तरमा | हरेक वडामा | वातावरण तथा विपद् व्यवस्थापन शाखा,वडा कार्यालय विषय क्षेत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | र दक्षता अभिवृद्धि तथा कृत्रिम घटना अभ्यास गर्ने | भन्दा अगावै | | | |

### ३.१.६ संरक्षण तथा सुरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नुपर्ने संरक्षण तथा सूरक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धि कार्यहरुको योजना तपसिल अनुसार रहेको छ ।

| सि.नं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय / संस्था |
|---|---|---|---|---|---|
| १ | महिला, वालवालिका, अपाङ्गता भएका ब्यक्ति र जेष्ठ नागरिकको संरक्षणका तरिकाहरु बारे जानकारी पुस्तिका तयार तथा प्रकाशन प्रचार प्रसार गर्ने | निरन्तर | पालिका | १००० प्रति | पालिका, महिला तथा बालबालिका शाखा |
| २ | बिपदको अवस्थामा लैंगिक हिंसा रोकथाम र व्यवस्थापनका लागि सुरक्षा निकाय, सेवा प्रदायक र सरोकारवालाहरुको क्षमता आभिबृद्धि गर्ने | निरन्तर | पालिका | अवश्यकतानुसार | वातावरण तथा विपद् ब्यवस्थापन शाखा,सामाजिक विकास शाखा |
| ३ | विपद्को समयमा अत्यावश्यक सेवाका लागि चाहिने सामाग्रीहरु (डिग्निटि किट, किशोरी किट) खरिद गरी पुर्वभण्डार गर्ने | निरन्तर | पालिका | कुल जनसंख्याको २० प्रतिशत जनसंख्यालाई पुग्ने गरी | महिला तथा बालबालिका शाखा, विषयगत  क्षेत्र |
| ४ | उमेर, शारिरिक र अपाङ्गताको अवस्था अनुसार गरिनुपर्ने सेवा सहयोगका लागि प्रोटोकल तयार गरी लागू गर्ने | तत्काल | पालिका | १ पटक | महिला तथा बालबालिका शाखा, नेपाल रेडक्रस सोसाइटी, UNFPA |
| ४ | विद्यालयका शिक्षक र महिला स्वास्थ्य स्वंयमसेविका लाई आधारभूत मनोसामाजिक परामर्श सम्वधि तालिम | वार्षिक | पालिका | हरेक विद्यालयबाट १ जना र हरेक वडाबाट २ जना महिला स्वास्थ्य स्वंयमसेविका | शिक्षा शाखा, स्वास्थ्य शाखा, नेपाल रेडक्रस, विषयक्षेत्र |
| ५ | विपद्को समयमा परिचालन हुने विषयगत क्षेत्रका सदस्यहरुलाई कृत्रिम घटना अभ्यास | निरन्तर | वडास्तरमा | मुख्य प्रकोपको सम्भावित समय अगाडी कम्तिमा १ पटक | स्थानिय विपद् ब्यवस्थापन समिति अन्य सरोकारवाला |

### ३.१.७ शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नुपर्ने आपत्कालिन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धि कार्यहरुको योजना तपसिल अनुसार रहेको छ ।

| **सि.नं.** | **सामान्य पूर्वतयारीका कार्यहरु** | **समय** | **स्थान** | **परिमाण** | **मुख्य जिम्मेवार निकाय / संस्था** |
|---|---|---|---|---|---|
| १ | भूकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरीले प्रभावित गर्नसक्ने विद्यालयहरुको सुची अद्यावधिक गर्ने र सम्भावित क्षतिको आंकलन गर्ने | वार्षिक | सबै वडामा | सबै विद्यालय | शिक्षा शाखा, सम्वन्धित विद्यालय |
| २ | आपत्कालिन शिक्षाका लागि आवश्यक पर्ने शिक्षण सामाग्रीहरु तयारी अवस्थामा राख्ने | निरन्तर | पालिका | | शिक्षा शाखा, सम्वन्धित विद्यालय, विषयक्षेत्र |
| ३ | विभिन्न प्रकोपहरुबाट विद्यार्थीमा पर्नसक्ने प्रभावहरुका बारेमा विद्यालयमा जनचेतना अभिवृद्धि गर्ने | निरन्तर | विद्यालय स्तर | वटा | शिक्षा शाखा, सम्वन्धित विद्यालय, विषयक्षेत्र |
| ४ | सम्भावित विपद्बाट हुनसक्ने प्रभावको आधारमा अस्थायी पठनपाठन स्थलको ब्यवस्थापन गर्ने | निरन्तर | वडास्तरमा | आवश्यकता अनुसार | पालिका, शिक्षा शाखा, विषयक्षेत्र |
| ५ | सुरक्षित विद्यालय नक्शा निर्माण तथा जानकारीमूलक कक्षा संचालन गर्ने | निरन्तर | विद्यालय स्तर | ..... वटा | शिक्षा शाखा, सम्वन्धित विद्यालय, विषयक्षेत्र |

### ३.१.८ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नुपर्ने शीघ्र पुनर्लाभ विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धि कार्यहरुको योजना तपसिल अनुसार रहेको छ ।

| **सि.नं.** | **सामान्य पूर्वतयारीका कार्यहरु** | **समय** | **स्थान** | **परिमाण** | **मुख्य जिम्मेवार निकाय / संस्था** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सुरक्षित स्थानमा आपत्कालिन प्रयोजनको लागि खानेपानी टंकी, शौचालय र हाते पम्प व्यवस्था गर्ने | निरन्तर | वडा स्तरमा | सबै वडामा | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| २ | विपद्बाट अत्यावश्यक सेवाहरु ( सडक, खानेपानी, विजुली आदि) अवरुद्ध भएमा उक्त सेवा शुचारु गर्न तत्काल प्राविधिक टोलीको परिचालन गर्ने | निरन्तर | पालिका र वडा स्तरमा | सबै वडाहरु | पूर्वाधार विकास शाखा, स्थानिय विपद् व्यवस्थापन समिति, वडा कार्यालय, विषयक्षेत्र |
| ३ | सम्भावित विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा पर्ने क्षतिको शिघ्र मूल्याङ्कनको लागि टोली गठन र प्रशिक्षण संचालन गर्ने | वार्षिक | पलिका | १ पटक | स्थानिय विपद् व्यवस्थापन समिति, विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी |
| ४ | सम्भावित विपद्बाट कृषि, पशु, रोजगारी, सेवा, उद्योग, पर्यटन, ब्यापार लगायतका क्षेत्रमा पर्न सक्ने असरहरु न्यूनिकरण गर्ने क्रियाकलाप तय गरी कार्यान्वयन गर्ने | विपद् पश्चात तत्काल | पलिका | प्रभावित समुदाय | स्थानिय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् ब्यवस्थापन शाखा, उद्योग बाणिज्य संघ |

### ३.२ पूर्वानूमानमा आधारित पूर्वतयारी योजना

पूर्वानुमानमा आधारित पूर्वतयारी योजनामा सहि पूर्वानूमान र उपलब्ध समयको आधारमा पूर्वतयारीका कार्यहरु निर्धारण गरिएको छ । यसमा सामान्य सर्तक रहने देखि जोखिमयुक्त स्थानमा रहेका समुदाय र स्थानान्तराण गर्न मिल्ने धन सम्पत्ति अस्थायी रुपमा सुरक्षित स्थानमा सार्ने सम्मका क्रियाकलापलाई लिइएको छ । यस योजना प्रकोपको प्रकृति, समय र सम्भावित प्रभाव क्षेत्रको भरपर्दो आधिकारिक पूर्वसुचनाको आधारमा तय गरिएको छ । प्रकोप आउने समय सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गरिने क्रियाकलापहरुको योजना देहाय बमोजिम तय गरिएको छ ।

### ३.२.१ समग्र ब्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्रको पूवानूमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि समग्र ब्यवस्थापन, सुचना, खोज तथा उद्धार क्षेत्रको गर्नुपर्ने पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्वन्धि कार्यहरु निम्नानुाीर संचालन गरिनेछ ।

| सि नं. | पूर्वानुमानमा आधारित पूर्वतायरीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय / संस्था |
|---|---|---|---|---|---|
| १ | वर्षा तथा हावाहुरीको पूर्वानुमान सम्वन्धि जानकारी जल तथा मौसम विज्ञान विभाग (सिधै वा वेभ पेज मार्फत), प्रदेश र जिल्ला आपत्कालिन कार्य संचालन केन्द्रबाट आदानप्रदान गर्ने | वर्षभरी | नगरस्तरिय | दैनिक कम्तीमा १ पटक | स्थानिय आपत्कालिन कार्य संचालन केन्द्र / वातावरण तथा विपद् ब्यवस्थापन शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | बाढी, हावाहुरी र खराब मौसमको सुचना प्राप्त हुनासाथ नगरवासीलाई सर्तकता अपनाउन सूचना सम्प्रेषण गर्ने | पूर्वानुमान प्राप्त भए लगत्तै | नगर देखि स्थानिय समुदाय | सुचना प्राप्त भए पश्चात दैनिक २–३ पटक | विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| ३ | विपद् बाट हुनसक्ने सम्भावना देखिएमा सबै विषयक्षेत्रहरुलाई तयारी अवस्थामा रहन आग्रह गर्ने | पूर्वानुमान प्राप्त भए लगत्तै | नगर देखि स्थानिय समुदाय | सुचना प्राप्त भए पश्चात १ पटक वा आवश्यकता अनुसार | विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| ४ | पूर्वानुमान अनुसार वडास्तरिय समिति लाई जानकारी गराई विपद् सम्मुख समुदायलाई सुरक्षित स्थानमा सार्ने व्यवस्था गर्ने | पूर्वानुमान प्राप्त भए लगत्तै | नगरस्तरिय | जोखिममा रहेका सबै समुदाय | स्थानिय विपद् व्यवस्थापन समिति, जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र |
| ५ | खोज तथा उद्धार टोली र क्षतिको विवरण संकलन टोलीलाई तयारी अवस्थामा राख्ने | पूर्वानुमान प्राप्त भए पश्चात लगत्तै | नगरस्तरिय | वडा स्तरमा | स्थानिय विपद् व्यवस्थापन समिति, जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र, वडा कार्यालय |

### ३.२.२ खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोप आउने समयसिमा नजीक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना सम्वन्धि कार्यहरु तपसिल अनुसर संचालन गरिने छ ।

| **सि नं.** | **पूर्वानुमानमा आधारित पूर्वतायरीका कार्यहरु** | **समय** | **स्थान** | **परिमाण** | **मुख्य जिम्मेवार निकाय / संस्था** |
|---|---|---|---|---|---|
| १ | खाद्य तथा कृषि विषयक्षेत्रको समन्वयात्मक बैठक बस्ने | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरिय | सूचना प्राप्त भएपछि आवश्यकता अनुसार | कृषि शाखा, विषय क्षेत्र |
| २ | भण्डारण गरिएको खाद्य सामाग्रीहरुको अवस्था निरिक्षण गरी अद्यावधिक गर्ने | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरिय | सूचना प्राप्त भएपछि आवश्यकता अनुसार | कृषि शाखा, विषय क्षेत्र |
| ३ | विपद् प्रभावित क्षेत्रमा खाद्य सामाग्रीहरु ढुवानीका लागि आवश्यक सवारी | पूर्वानुमानको जानकारी पश्चात | पालिका स्तरिय | सूचना प्राप्त भएपछि आवश्यकता अनुसार | कृषि शाखा, विषय क्षेत्र |

| | | | | | |
